नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी,भक्तपुर

## अध्यापन अनुमतिपत्र वितरण सम्बन्धी सूचना

शिक्षक सेवा आयोगबाट २०७९।०४।०३ गते प्रकाशित विज्ञापन नम्बर ३७/०७८ माध्यमिक तह अध्यापन अनुमतिपत्रको नतीजामा सफल भएका उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र परीक्षा केन्द्र कायम भएको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा पठाइसकिएको छ ।सफल भएका उम्मेदवारहरुले निम्नानुसारको कागजात लिई सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा सम्पर्क राखी अध्यापन अनुमतिपत्र लिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अध्यापन अनुमतिपत्र वितरण कार्य सुरु भएको एकवर्ष भित्र सम्बन्धित जिल्लाबाट लिई सक्नु पर्ने समेत जानकारी गराइन्छ ।

**अध्यापन अनुमतिपत्र प्राप्त गर्नको लागि पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क. माध्यमिक शिक्षा परीक्षा देखि स्नातक तह सम्म उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

ख. शिक्षा विषयमा कम्तीमा १० महिना तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि, मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रामा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको भए उक्त योग्यता नै तालिम सरह हुने तर विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन र बाली विज्ञान विषयबाट स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेकाको हकमा तालिम अनिवार्य हुने छैन,

ग. हालसालै खिचेको अटो साईजको दुई प्रति फोटो,

घ. प्रवेशपत्रको प्रतिलिपि,

ङ. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

च. विदेशी शैक्षिक संस्थाबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा समकक्षताको प्रमाणपत्र ,

उप-सचिव